राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक १३३ | २०८२ माघ १३ गते मंगलवार | (Tuesday, 27 Jan., 2026) | पृष्ठ ४ | मुल्य रु. ५

## पोस्टमार्टमका लागि राखिएको शव साटासाट

### एउटाको दाहसंस्कारपछि खुल्यो रहस्य



**द पब्लिक टुडे समाचारदाता**
**गौशाला, माघ १२ गते ।**

सिरहाको गोलबजार नगरपालिका-३, जम्दहमा १६ वर्षीया किशोरीको मृत्युपछि पोस्टमार्टमका लागि पठाइएको शव अस्पतालबाटै साटासाट भएको तथ्य बाहिरिएको छ । अस्पतालबाटै मृतकको शव हेरफेर प्रकरणले अस्पतालको गम्भीर लापरबाही र गैरजिम्मेवारी उजागर गरेको छ । एकै दिन पोस्टमार्टमका लागि ल्याइएका दुई किशोरीमध्ये शव साटिएर दाहसंस्कारसम्म गरिएको घटना सार्वजनिक भएपछि अस्पताल प्रशासनमाथि गम्भीर प्रश्न उठेका छन् ।

माघ १० गते शनिबार गोलबजार नगरपालिका-३, जम्दह निवासी पूर्णबहादुर बानियाँकी करिब १६ वर्षीया छोरी निशा आफ्नै घरमा झुन्डिएको अवस्थामा मृत फेला परेकी थिइन् । घटनापछि इलाका प्रहरी कार्यालय गोलबजारले आवश्यक मुचुल्का प्रक्रिया पूरा गरी शव पोस्टमार्टमका लागि रामकुमार शारदा उमा प्रसाद मुरारका प्रादेशिक अस्पताल, लहान पठाएको थियो ।

उही दिन पोस्टमार्टमका लागि सप्तरीको खडक नगरपालिका-१, करर्बोना निवासी १६ वर्षीया राधिका साहको शव पनि सोही अस्पताल ल्याइएको थियो । दुवै शव अस्पतालमा राखेर पोस्टमार्टम प्रक्रिया अघि बढाइएको थियो । तर पोस्टमार्टमपछि गम्भीर त्रुटि भएको खुलासा भएको छ ।

पोस्टमार्टम सम्पन्न भएपछि एउटा शव बाहिर निकालियो, जुन राधिकाको शव भन्दै उनका आफन्तले बुझेर दाहसंस्कारका लागि लगे । तर पछि त्यो शव राधिकाको नभई निशाको भएको पुष्टि भएको हो । यसरी शव पहिचानमा भएको गम्भीर लापरबाहीका कारण निशाको शव राधिकाका परिवारले दाहसंस्कार गरेका थिए ।

शनिबार नै शव अस्पताल पुऱ्याए पनि प्रहरीले निशाका परिवारका सदस्य उपस्थित भएपछि मात्र आवश्यक प्रक्रिया अघि बढाइने जनाएको थियो । निशाका आमा-बुबा रोजगारीका सिलसिलामा भारतको मुम्बइमा रहेकाले उनीहरू सोमबार बिहान मात्र नेपाल आइपुगेका थिए । त्यसपछि दिउँसो करिब १

- बाँकी पृष्ठ ३ मा

## महोत्तरीमा ७ पूर्वमन्त्री चुनावी मैदानमा



**द पब्लिक टुडे समाचारदाता**
**महोत्तरी, माघ १२ गते ।**

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि महोत्तरी जिल्लाबाट सात पूर्वमन्त्री चुनावी मैदानमा उत्रिएका छन् । चार निर्वाचन क्षेत्र रहेको महोत्तरी क्षेत्र नं-१ बाट एक, क्षेत्र नं-२ बाट एक, क्षेत्र नं-३ बाट दुई र क्षेत्र नं-४ बाट तीन पूर्वमन्त्री चुनावी मैदानमा होमिएका छन् ।

जिल्लाको क्षेत्र नं १ बाट पूर्वस्वास्थ्य तथा जनसङ्ख्यामन्त्री गिरिराजमणि पोखरेल नेपाली कम्युनिष्ट पार्टी (नेकपा)बाट चुनाव लड्दै छन् । उनीसँगै यस क्षेत्रमा नेकपा (एमाले) का पूर्वसांसद लक्ष्मी महतो र नेपाली कांग्रेसका मुकेश काफ्ले चुनावी मैदानमा छन् । त्यस्तै क्षेत्र नं २ बाट पूर्वश्रम रोजगार तथा यातायातमन्त्री शरत्सिंह भण्डारी जनता समाजवादी पार्टी नेपालबाट चुनावी मैदानमा छन् । उक्त क्षेत्रमा नेपाली कांग्रेसकी पूर्वसांसद किरण यादव र नेकपा (एमाले) का कासिम नदाफ पनि प्रतिस्पर्धा गर्दै छन् ।

त्यस्तै क्षेत्र नं-३ बाट पूर्वकृषिमन्त्री हरिनारायण यादव र पूर्वगृहराज्यमन्त्री मोहम्मद रिजवान चुनावी मैदानमा छन् । यादवलाई जसपा नेपालले टिकट नदिएपछि उनले स्वतन्त्र उम्मेदवारी दर्ता गराएका हुन् भने रिजवानले नेपाल सङ्घीय समाजवादी पार्टीबाट चुनावी मैदानमा छन् । सो क्षेत्रमा स्वतन्त्र उम्मेदवार रामआधार कापर, नेपाली कांग्रेसका बजरङ्ग नेपाली, जसपा नेपालकी मिनाक्षी ठाकुर, राष्ट्रिय स्वतन्त्र पार्टीका उज्ज्वलकुमार झा र नेकपा (एमाले) का मनोजकुमार सिंहसँग प्रतिस्पर्धा गर्दै छन् । त्यसैगरी निर्वाचन क्षेत्र नं ४ बाट पूर्वकृषिमन्त्री महेन्द्रकुमार राय, पूर्वस्वास्थ्य राज्यमन्त्री डा सुरेन्द्र यादव र पूर्व प्रदेश गृहमन्त्री भरतप्रसाद साह चुनावी मैदानमा रहेका छन् । पूर्वमन्त्री महेन्द्रकुमारले नेपाली कांग्रेसबाट, डा सुरेन्द्र जसपा नेपालबाट र भरतप्रसाद नेपाली कम्युनिष्ट पार्टी (नेकपा) बाट चुनाव लड्दै छन् । यस क्षेत्रबाट एमालेका उम्मेदवार निलम अधिकारी पनि चुनावी मैदानमा छन् ।

## वीरगञ्ज नाका हुँदै सामान आयात बढ्यो

**पर्सा, माघ १२ गते ।**

वीरगञ्ज हुँदै चालु आर्थिक वर्षको छ महिनामा रू चार खर्ब ३८ अर्ब २१ करोड मूल्यका वस्तु तथा सामान आयात भएको छ ।

गत आवको छ महिनाका तुलनामा चालु आवको सोही अवधिमा यो नाका हुँदै हुने आयात १५ दशमलव ३० प्रतिशतले बढी आयात भएको हो । जबकी गत आवको छ महिनामा भने रू तीन खर्ब ८० अर्ब छ करोड मूल्य बराबरका वस्तु तथा सामान भित्रिएको थियो । वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले चालु आवको छ महिनामा यो नाका हुँदै हुने आयातमा उल्लेखनीय वृद्धि भएको बताए ।

चालु आवको छ महिनामा रू ९०

- बाँकी पृष्ठ ३ मा

## भूकम्पबाट जोगिन सचेत बनौं

- भूकम्पको समयमा जोगिने उपायको पूर्वाभ्यास गरौं।
- भूकम्पबाट जोगिन पूर्वतयारी गरौं।
- आफ्नो घरको संरचना भूकम्प प्रतिरोधि बनाऔं।
- परिवार र समुदायलाई भूकम्प सुरक्षाबारे जानकारी गराऔं।
- भूकम्पको समयमा सुरक्षित स्थानमा बसौं ।
- आपतकालीन सामग्री (पिउने पानी, औषधी, बत्ती, खाजा) तयार राखौं।

भूकम्पको सम्भावित जोखिमबाट बचौं र बचाऔं।


नेपाल सरकार
विज्ञापन बोर्ड

## म मधेश बुझ्न आएको हुँ : गगन थापा

**द पब्लिक टुडे समाचारदाता**
**गौशाला, माघ १२ गते ।**

नेपाली कांग्रेसका सभापति गगन थापाले मधेशसँगको सम्बन्ध प्रगाढ बनाउने इच्छाले सर्लाही-४ मा उम्मेदवार बनेको बताएका छन् । उम्मेदवारी मनोनयन दर्ताको ६ दिनपछि निर्वाचन क्षेत्र पुगेकै दिन सोमबार भिडियो सन्देश जारी गर्दै सभापति थापाले मधेशको साइनो औपचारिक मात्रै बनाएर नहुने बताएका छन् ।

'मधेशको प्रतिनिधित्व गर्दै गर्दा त्यहाँका मुद्दा बुझ्दै गर्दा प्रकारान्तरले नेपालको सिंगो समस्या समाधानको गर्न सक्छु भन्ने विश्वास राखेको छ,' सभापति थापाले भने ।



पहाडबाट झरेको आफ्नो परिवार, काठमाडौंको हुकाई भएको हुँदा मधेशसँग चुनावी उम्मेदवार बनेर झन् नजिकिन चाहेको बताए । मधेशका कुरा काठमाडौंमा सुनाउन र काठमाडौंका कुरा मधेशमा सुनाउन चाहेको उनले बताए ।

काठमाडौं-४ का मतदातालाई तीनपटक निर्वाचित गरेको प्रति कृतज्ञता व्यक्त गरे । 'एउटा परिवार जस्तो माया यो क्षेत्रमा सधैं पाएँ । जीवनको महत्त्वपूर्ण चरणहरू त्यहिँभित्र बिताएँ,' काठमाडौं-४ का मतदातालाई सभापति थापाले भने ।

सभापति निर्वाचित भएपछि क्षेत्र परिवर्तन गर्न नहुने सुझावहरू अझ बढी आएको उल्लेख गरे । उत्तेजनाको राजनीतिमा विश्वास नगर्ने बताएका सभापति थापाले अधिकार नभई सबैको बीचमा एकता हुने नसक्ने टिप्पणी गरे । चुनावी प्रचारका लागि सर्लाही

- बाँकी पृष्ठ ३ मा

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
– सन्त 'व्यथित'

## सम्पादकीय............

# सचेत मतदाता र अर्थपूर्ण निर्वाचन

फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनको तयारी पूरा भएसंगै मुलुक चुनावी माहोलमा प्रवेश गरेको छ । गाउँगाउँ, टोलटोलमा उम्मेदवारहरु मत माग्न निस्किएका छन् । नाराहरु गुञ्जिरहेका छन्, सपना बाँडिदै छन्, आश्वासनहरुको ओइरो छ । बाहिरबाट हेर्दा यो सब विगतका चुनावजस्तै देखिए पनि भित्री रुपमा यसपटकको निर्वाचन केही फरक र अर्थपूर्ण बन्दै गएको छ । यसको मुख्य कारण मतदाताको बढ्दो सचेतना हो ।

यसपटकका मतदाता अब केवल भाषणको मिठास, झिलिमिली पोस्टर र आकर्षक नाराबाट प्रभावित हुने अवस्थामा छैनन् । उनले उम्मेदवारको नैतिकता, कार्यक्षमता, विगतको भूमिका र स्थानीय समस्याप्रतिको बुझाइलाई गम्भीरतापूर्वक मूल्याँकन गर्न थालेका छन् । गाउँको बाटो नचिनेका,जनताको सुखदु:खमा कहिल्यै सहभागी नदेखिएका र चुनाव आउँदा मात्र देखापर्ने नेताहरुलाई यसपटक सजिलो छैन । यो परिवर्तन लोकतन्त्रका लागि सकारात्मक संकेत हो ।

चुनावी प्रचारमा सामाजिक सञ्जालको प्रभाव अभूतपूर्व रुपमा बढेको छ । केही उम्मेदवारहरु सामाजिक सञ्जालमा निकै चर्चित देखिए पनि 'लाइक' र 'भ्यू' ले मात्र जनताको भरोसा जित्न सक्दैन भन्ने कुरा मतदाताले बुझ्न थालेका छन् । डिजिटल लोकप्रियता र वास्तविक जनसमर्थनबीच ठूलो अन्तर हुन सक्छ भन्ने यथार्थ अब प्रष्ट हुँदै गएको छ।स्थानीयस्तरमा निरन्तर सम्पर्क, समस्या सुन्ने बानी र समाधानतर्फको प्रतिबद्धताले मात्रै जनताको मन जित्न सक्छ ।

निर्वाचन केवल पाँच वर्षका लागि प्रतिनिधि छान्ने प्रक्रिया मात्र होइन, यो जनताले आफ्नो विवेक प्रयोग गर्ने अवसर पनि हो । त्यसैले उम्मेदवारले चुनावी मौसममा मात्र होइन, संधै जनतासंग जोडिनु आवश्यक छ । जनताका घर-आँगनमा पुगेर समस्या सुन्ने, संवाद गर्ने र जवाफदेही बन्ने संस्कार अब विकल्प होइन अनिवार्यता बन्दै गएको छ । दलहरु अहिले आ-आफ्ना निर्वाचन घोषणापत्र तयारीमा जुटिरहेका छन् । घोषणापत्रमा समेटिएका जनमुखी कार्यक्रम र वाचाहरु कागजमै सीमित रहने कि व्यवहारमा कार्यान्वयन हुने भन्ने प्रश्न मतदाताका लागि महत्वपूर्ण छ । मतदाता रिझाउने प्रतिस्पर्धा लोकतन्त्रको सुन्दर पक्ष भए पनि विवेकपूर्ण छनोट गर्नु जनताको दायित्व हो ।

निर्वाचनको रौनक दिनप्रतिदिन बढ्दै गएको छ । यो रौनक केवल उत्सवमा सीमित नभई सचेत निर्णयमा रुपान्तरण हुन सकेमा मात्र लोकतन्त्र बलियो हुन्छ । आफ्नै गाउँठाउँ बुझ्ने, जनतासंग निरन्तर जोडिएको र जवाफदेही उम्मेदवार छान्नु नै स्वस्थ लोकतन्त्रको सार हो । यही सचेत मतदाताको भूमिकाले यस निर्वाचनलाई वास्तवमै अर्थपूर्ण बनाउने अपेक्षा गर्न सकिन्छ ।

## राशिफल

मेष - सौभाग्य प्राप्त हुनेछ ।
वृष - रमाईलोमा दिन बित्ने ।
मिथुन - झमेला व्यहोर्नुपर्ला ।
कर्कट - व्यवसायमा फाइदा हुने ।
सिंह - काम प्रारम्भ हुने ।
कन्या - समस्या निम्त्याउने ।
तुला - रोकिएको काम पुरा हुनेछ ।
वृश्चिक - धन लाभ हुने ।
धनु - आम्दानी भन्दा खर्च बढी हुनेछ ।
मकर - चिन्ता बढ्ने ।
कुम्भ - कर्जा लिनुपर्ला ।
मिन - फड्को मार्ने समय छ ।

# बालेन, केपी र गगन : एउटै मञ्चको प्रतीक्षा

**–कमलमणि पोखरेल**

केही सञ्चारमाध्यम र आम नागरिकले यसपटक प्रधानमन्त्रीका दाबेदारहरूलाई एउटै मञ्चमा बसेर बहसमा उत्रिन आह्वान गरेका छन् । विशेषगरी फागुन २१ गते हुने निर्वाचनमा भावी प्रधानमन्त्रीका रूपमा अघि सरेका नेताहरूलाई खुला बहसका लागि आह्वान गरिएको छ ।

देशको कार्यकारी नेतृत्व सम्हाल्न खोज्ने नेताहरूले आफ्ना नीति, सिद्धान्त, विगतका काम र भविष्यको स्पष्ट रोडम्यापसहित एउटै मञ्चमा उभिएर जनतासामु प्रत्यक्ष बहस गरून् भन्ने अपेक्षालाई सकारात्मक रूपमा लिन सकिन्छ ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, नेपाली कांग्रेसका सभापति गगन थापा र राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन शाहलाई भावी प्रधानमन्त्रीका प्रमुख दाबेदारका रूपमा हेरिएको छ । सम्बन्धित दलहरूले उनीहरूलाई औपचारिक रूपमा अघि सारेका छन् ।

यससँगै नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड', श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङ र उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङलाई पनि बहसमा समावेश गर्नुपर्ने आवाज उठिरहेको छ । यद्यपि, जनताको मुख्य चासो भने ओली, गगन र बालेनलाई एउटै मञ्चमा देख्नेमा केन्द्रित छ ।

**कार्यकर्ताको झोले प्रवृत्ति**

मतदाताले नीति, योजना र दृष्टिकोणको प्रतिस्पर्धा हेर्न चाहिरहेका छन् । तर बहस हुनुअघि नै दल र तिनका कार्यकर्ताको व्यवहारले नेपाली राजनीतिको अर्कै यथार्थ उजागर गरेको छ, यहाँ बहसभन्दा बढी 'आफ्नो नेता सही, अरू सबै गलत' भन्ने अडान हाबी छ ।

ओलीले बहसका लागि तयार रहेको बताएका छन् । तर शाहले बहस बहिष्कार गर्ने घोषणा गरेका छन् । यही प्रसंग अहिले सामाजिक सञ्जालमा तीव्र बहस र टीकाटिप्पणीको विषय बनेको छ ।

शाहले बहसका बारेमा धारणा सार्वजनिक गर्नुअघिसम्म रास्वपाका कार्यकर्ताले बहस भयो भने शाहले सबैलाई पछि पार्ने दाबी गरिरहेका थिए । तर, जब बालेनले ओलीसँग बहसमा नबस्ने बताए, त्यसपछि कार्यकर्ताका पनि मन बदलियो । अर्थात् ओली खराब पात्र हुन्, उनीसँग बहस गर्नुको औचित्य छैन भन्न थालियो ।

तर प्रश्न उठ्छ, यदि परिस्थिति यसको विपरीत हुन्थ्यो भने ? यदि शाह बहसका लागि तयार भएर ओलीले बहिष्कार गरेका भए के हुन्थ्यो ? शाहका तिनै समर्थकले भन्ने थिए- शाहसँग बहस गर्न ओली डराए ।

ओलीसँग शाह बहस गर्न तयार नभएपछि अहिले एमालेका कार्यकर्ताले शाहको हैसियतमाथि प्रश्न उठाएका छन् ।

अवस्था उल्टो भएको भए, अर्थात् शाह तयार भएर ओली तयार नभएको भए- सायद तिनै एमाले कार्यकर्ताहरूले भन्थे, शाहसँग बहस सुहाउँदैन । अर्थात् मुद्दा बहसको होइन, आफ्नो नेताको बचाउ गर्ने मनोविज्ञानको हो ।

ओली तयार हुँदा एमाले कार्यकर्ताको भाषा एक हुन्छ, नहुँदा अर्कै हुन्छ । शाह तयार हुँदा रास्वपा समर्थकको धारणा एक हुन्छ, नहुँदा अर्कै हुन्छ ।

गगन थापा बहसमा सहभागी हुन्छन् भन्ने कांग्रेसजनको दाबी पनि त्यही मानसिकताबाट प्रेरित देखिन्छ । यदि उनले अस्वीकार गरे भने तिनै कार्यकर्ताले आवश्यक छैन भन्ने तर्क दिन समय लाग्ने छैन ।

यसअघि ०७९ को निर्वाचनका बेला ओलीले खुला बहसको आह्वान गर्दा कांग्रेसमा सभापति शेरबहादुर देउवा थिए । त्यसबेला कांग्रेसजनले खुला बहसलाई उत्साहजनक रूपमा लिन सकेनन्, जसरी अहिले हौसिएका छन् । किनकि देउवा राजनीतिमा अनुभवी भए पनि वाककलामा कमजोर मानिन्छन् । यसबाट प्रष्ट हुन्छ, अहिले वाककलामा सिपालु थापा सभापति भएकाले कांग्रेसका कार्यकर्ता खुला बहस चाहन्छन् ।

यसले देखाउँछ, नेताको निर्णयभन्दा अघि कार्यकर्ताको विचार स्थिर हुँदैन, बरु नेताको कदमअनुसार ढल्किन्छ । विचार होइन, व्यक्तिपूजा प्रधान हुन्छ । सिद्धान्त होइन, पक्षधरता हाबी हुन्छ ।

**खुला बहस कति आवश्यक ?**

खुला बहसको माग लोकतन्त्रको स्वस्थ अभ्यास हो । तर बहसलाई पनि आफ्नो पक्ष अनुकूल मात्रै स्वीकार गर्ने प्रवृत्ति लोकतान्त्रिक संस्कृतिको विपरीत हो । बहस तब मात्र सार्थक हुन्छ जब सबै पक्ष तयार हुन्छन्, आलोचना सहन सक्छन् र आफ्ना कमजोरी स्वीकार गर्न सक्छन् ।

दुर्भाग्यवश, नेपालमा नेताभन्दा पहिले कार्यकर्तामा यस्तो परिपक्वता देखिँदैन । उनीहरू नीति-विचारभन्दा हाम्रो मान्छे जोगाउने अभियानमा सक्रिय हुन्छन् । यसै कारण बहसको विषय पनि तर्क र तथ्यमा होइन, भावनात्मक आरोप-प्रत्यारोपमा सीमित हुन्छ ।

यसले एउटा कटु सत्य उजागर गर्छ, दल फरक भए पनि कार्यकर्ताको चरित्र उस्तै छ । झन्डा मात्रै फरक, मानसिकता उस्तै । नेता जे भन्छन्, त्यही सत्य । नेता जे गर्छन्, त्यही सही । प्रचण्ड, हर्क साम्पाङ र कुलमान घिसिङले पनि अहिलेसम्म धारणा सार्वजनिक गरेका छैनन् ।

जे होस्, बालेनबाहेक अन्य नेताहरूबीच सार्वजनिक बहस हुने सम्भावना भने अझै खुला नै छ । खुला बहसको प्रसंगले अन्तत: नेताभन्दा बढी कार्यकर्ताको अस्थिर र अवसरवादी विचारधारालाई छर्लङ्ग पारेको छ । जबसम्म दलभित्र आलोचनात्मक चेतना विकास हुँदैन र अन्धसमर्थनको संस्कृति अन्त्य हुँदैन, तबसम्म नेपाली राजनीति व्यक्तिपूजामा नै घुमिरहनेछ, बहस केवल नारामा सीमित रहनेछ ।

यदि नेपाली राजनीतिलाई परिपक्व बनाउने हो भने बहसको माग मात्र होइन, बहस स्वीकार गर्ने संस्कार पनि विकास हुन जरुरी छ । त्यसका लागि नेता र कार्यकर्ता दुवैमा आत्मआलोचना र खुला सोच आवश्यक छ ।

**विश्वको उदाहरणबाट सिक्ने कि ?**

विश्वका धेरै लोकतान्त्रिक देशहरूले चुनावअघि उम्मेदवार हरूबीच खुला सार्वजनिक बहसको अभ्यासलाई संस्थागत गरेका छन् । संयुक्त राज्य अमेरिकामा राष्ट्रपतिका उम्मेदवारबीच हुने टेलिभिजन बहस चुनावी प्रक्रियाको अभिन्न अंग बनिसकेको छ । उम्मेदवारहरूले अर्थतन्त्र, परराष्ट्र नीति, सुरक्षा, कर, रोजगारीदेखि सामाजिक मुद्दासम्म आफ्ना योजना प्रत्यक्ष रूपमा प्रस्तुत गर्नुपर्छ ।

फिलिपिन्स, ब्राजिल, चिली, मेक्सिको, दक्षिण कोरिया, पोल्यान्ड, पोर्चुगललगायत देशहरूमा पनि राष्ट्रपतीय बहस नियमित रूपमा आयोजना हुने गरेको छ । कतिपय देशमा निर्वाचन आयोग वा स्वतन्त्र संस्थाले नै बहस व्यवस्थापन गर्छन्, जसले निष्पक्षता सुनिश्चित गर्छ ।

नेपालमा भने बहसको संस्कृति बल्ल उठान हुन थालेको छ । नेपालमा चुनावी अभियान प्राय: एकतर्फी भाषण, आरोप-प्रत्यारोप र भावनात्मक नारामै सीमित हुन्छ । उम्मेदवारहरू आफ्नो समर्थकको भीडमा मात्र बोल्छन्, प्रत्यक्ष प्रश्नको सामना गर्नुपर्ने बाध्यता हुँदैन । मतदातालाई रिझाउन विचार होइन, प्रलोभनलाई प्राथमिकता दिने गरिन्छ ।

अमेरिका, फिलिपिन्स वा ब्राजिलजस्ता देशहरूले दशकौँदेखि यो अभ्यासलाई लोकतन्त्रको अंग बनाएका छन् भने नेपालले किन नसक्ने ?

खुला बहसले कसैलाई कमजोर बनाउँदैन, बरु सक्षम नेतृत्वलाई अझ प्रस्ट बनाउँछ ।

*(पोखेल प्राइम टेलिभिजनका सम्पादक हुन्)*


## डेंगी ज्वरोको संक्रमणबाट बच्ने उपायहरू




सोनमा गाउँपालिका
सोनमा, महोत्तरी

# आचारसंहिता उल्लंघन गरेको उजुरीका...

८ गते तीन दिनभित्र स्पष्ट जवाफ पेस गर्ने भनी पत्राचार गरिएको थियो । हालसम्म स्पष्टीकरण माग गरिएका आठ जनामध्ये खरेलले मात्र स्पष्टीकरण पेस गरेको आयोगका सहायक प्रवक्ता श्रीसले जानकारी दिइन् । खरेलले गल्ती, कमीकमजोरी भएको भए सुधार गर्ने भनी पेस गरेको स्पष्टीकरण चित्तबुभ्दो भएकाले अब गल्ती, कमी कमजोरी नगर्ने गरी सचेत गराइएको आयोगले जनाएको छ ।
आयोगले अखिल नेपाल फुटबल सङ्घ (एन्फा) लाई एन्फा अर्डिनरी कंग्रेसको निर्वाचन आयोजना भएको विषयमा दुई दिनभित्र स्पष्ट जवाफ पेस गर्न माघ ८ गते स्पष्टीकरण सोधेको थियो । त्यसको जवाफ पनि प्राप्त भएको छैन । यसै विषयमा आयोगले राष्ट्रिय खेलकुद परिषद्लाई पनि दुई दिनभित्र स्पष्टीकरण पेस गर्ने गरी माघ ८ गते नै स्पष्टीकरण सोधेको थियो । परिषद्ले हालसम्म आयोगलाई स्पष्टीकरण पेस गरेको छैन । सरकार मातहतकै परिषद्लेसमेत आयोगलाई समयभित्र स्पष्टीकरण पेस नगरेको हो ।
नेपाली कम्युनिष्ट पार्टी जाजरकोटका उम्मेदवार शक्तिबहादुर बस्नेतलाई पनि आयोगले माघ ९ गते निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ को उपदफा (१) को खण्ड (झ) र (ण) बमोजिम माघ ९ गते तीन दिनभित्र स्पष्ट जवाफ पेस गर्ने भनी पत्राचार गरेको थियो । आचारसंहिताको दफा १३ मा जुलुस, आमसभा, कोणसभा, बैठक वा भेला वा निर्वाचन प्रचारप्रसारसम्बन्धी कार्य गर्दा पालना गर्नुपर्ने आचरण उल्लेख छ। बस्नेतले पनि हालसम्म स्पष्टीकरण बुझाउनुभएको छैन ।
कोशी प्रदेशका उद्योग, कृषि तथा सहकारीमन्त्री इस्राइल मन्सुरीलाई पनि माघ ९ गते निर्वाचन आचारसंहिता, २०८२ को दफा ५ को खण्ड (क) बमोजिम तीन दिनभित्र स्पष्ट जवाफ पेस गर्ने भनी पत्राचार गरेको थियो । उनले पनि आयोगलाई स्पष्टीकरण बुझाएका छैनन् ।
राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट ओखलढुङ्गा जिल्ला निर्वाचन क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य उम्मेदवार विश्वराज पोखरेललाई निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ को उपदफा (१) को खण्ड (ण) बमोजिम माघ १० गते तीन दिनभित्र स्पष्ट जवाफ पेस गर्ने भनी पत्राचार गरेको थियो । रासस

# म मधेश बुझ्न आएको...

पुगेका नेपाली कांग्रेसका सभापति गगन थापाले मधेसमा गणित, विज्ञानमा विद्यार्थी कमजोर भएको उल्लेख गर्दै यसको समाधान खोज्ने पनि बताए । थापाले मधेसमा गणित, विज्ञान र अंग्रेजी सुधार्नुपर्ने बताए । उनले मधेसको इतिहास कोट्याए । 'कुनै वेला मधेसको मान्छे नगईकन पहाड, हिमालमा गणित, विज्ञानको कक्षा चल्दैनथ्यो,' उनले भने ।
अबको केही दशक नेपालको आम्दानीको प्रमुख स्रोत सूचना प्रविधि हुने बताए । त्यसका लागि गणित, विज्ञान राम्रो हुनुपर्ने उनको भनाइ थियो । 'अबको १२-१५ वर्ष नेपालको आम्दानीको ठूलो स्रोत भनेको सूचना प्रविधि हो। सूचना प्रविधिका लागि केटाकेटी वेलादेखि नै गणित जान्नुपर्छ, विज्ञान जान्नुपर्छ,' थापाले थपे, 'मेरा बाहरूलाई सोलुखुम्बुको पहाडमा गएर सप्तरीको गणित शिक्षकले गणित पढाउनुभयो र मेरो बा इन्जिनियर बन्नसक्नु भयो ।' तर, अहिले मधेसको अवस्था फेरिएको बताए । 'त्यो इतिहास भएको मधेसमा आज गणित, विज्ञान र अंग्रेजमा सबैभन्दा कमजोर मधेसका विद्यार्थी भएको अवस्था छ,' थापाले भने, 'हिजो मैले यो प्रश्न संसद्मा उठाए, आज यसको उत्तर खोज्न आएको हुँ । उत्तर पनि खोज्छु, समाधान पनि दिन्छु ।' यसका लागि आफ्नो टिमले काम गरिरहेको उनले बताए । केही दिनदेखि शिक्षा र स्वास्थ्यबारे आफ्नो टिमले काम गरिरहेको र आगामी पाँच वर्षमा समाधान दिने उनको भनाइ थियो । केही वर्षअघि हुलाकीको राजमार्गको यात्रा गर्दा नै मधेस आउने मन बनाएको उनले सुनाए । 'केही वर्षअघि हुलाकी राजमार्गको यात्रा गर्दा मधेस आउँछु, यहाँका साथीहरूको प्रतिनिधित्व गर्छु भन्ने मनमा लागेको हो,' उनले भने ।
त्यतिवेला आफ्नो मनमा केही प्रश्न उठेको बताए । 'नेपालको प्रजातान्त्रिक आन्दोलनमा यत्रो योगदान पुऱ्याएको, यति धेरै सहिद भएको, प्रत्येक आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गरेको मधेसले सिंगो नेपालभित्र जुन मान, सम्मान प्राप्न गर्नुपर्ने हो, किन नपाएको होला ? त्यो प्रश्न मैले धेरै पटक उठाए,' थापाले भने, 'तर म प्रश्न उठाउने गरी होइन, त्यसको उत्तर खोज्ने गरी तपाईको प्रतिनिधि बन्न यहाँ आएको छु ।'

# पोस्टमार्टमका लागि राखिएको शव...

बजे पोस्टमार्टमका लागि अस्पताल तयारी अवस्थामा पुगेको थियो ।
तर पोस्टमार्टम गर्न अस्पताल पुगेपछि त्यहाँ राखिएको शव निशाको नभई राधिका साहको भएको खुलेपछि सबै स्तब्ध बने । साथै यसअघि नै राधिकाका आफन्तले निशाको शव दाहसंस्कार गरिसकेको तथ्य बाहिर आयो ।
यद्यपि अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट रञ्जित झाले भने निशाकै परिवारले शव बुझिसकेको र पछि मात्र आफ्नो नभएको दाबी गरेपछि शव हेरफेर भएको थाहा भएको प्रतिक्रिया दिएका छन् । उनको भनाइप्रति पीडित परिवार र स्थानीयवासीले गम्भीर आपत्ति जनाएका छन् ।
घटनापछि आक्रोशित स्थानीयवासी तथा मृतक किशोरीका आफन्तजनले पूर्व-पश्चिम राजमार्गअन्तर्गत गोलबजार क्षेत्रमा टायर बालेर प्रदर्शन गरेका थिए। प्रदर्शनका कारण केही समय राजमार्ग अवरुद्धसमेत भएको थियो । प्रदर्शनकारीहरूले स्वास्थ्यकर्मी, अस्पताल प्रशासन र जिम्मेवार निकायको गम्भीर लापरबाहीले यस्तो संवेदनशील घटना भएको भन्दै कडा नाराबाजी गरेका थिए ।
स्थानीयवासीले चिकित्सक तथा अस्पताल सञ्चालक समितिका अध्यक्षसहित दोषीमाथि कडा कारबाहीको माग गरेका छन् । उनीहरूले मृतक परिवारलाई उचित क्षतिपूर्ति, दोषीको पहिचान र कानुनी कारबाही नभएसम्म आन्दोलन जारी रहने चेतावनीसमेत दिएका छन् ।
यसैबीच जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता तथा डीएसपी रमेशबहादुर पालले घटनाको गम्भीरताका साथ अनुसन्धान भइरहेको बताएका छन् । उनले घटनामा संलग्न वा लापरबाही गर्ने व्यक्ति वा निकाय पहिचान भए कानुनअनुसार कारबाही गरिने स्पष्ट पारे ।
शव हेरफेरजस्तो संवेदनशील घटनाले स्वास्थ्य सेवा प्रणालीको कमजोरी र समन्वय अभाव उजागर गरेको भन्दै सर्वसाधारणले यस्तो घटना दोहोरिन नदिन तत्काल सुधारको माग गरेका छन् ।
घटनाबारे थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ ।


"स्वस्थ दाँत, उज्यालो मुस्कान"का लागि एकमात्र स्थान

**खर्गा दन्त उपचार केन्द्र प्रा.लि.**

बर्दिवास–१ सिन्धुली रोड, महोत्तरी
☎ ९८४४३१२२४६
(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)

**डा. गंगाराम खर्गा**
वरिष्ठ डेन्टल सर्जन
BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)

डाक्टर भेटने समय : प्रत्येक दिन बिह(न ९ बजेदेखि साँझ ५ बजेसम्म



**हामी कहाँ** आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने ।

# वीरगञ्ज नाका हुँदै सामान...

अर्ब छ करोड मूल्यको पेट्रोलियम पदार्थको आयात भएको छ। रू ३९ अर्ब तीन करोड मूल्यपर्ने फलाम तथा फलामबाट बनेका सामान आयात भएका छन् ।
चालु आवको छ महिनामा रू ३० अर्ब एक करोड मूल्य पर्ने मेसिनरी तथा पार्टपुर्जा आयात भएका छन् भने रू २७ अर्ब ७२ करोड मूल्य पर्ने भटमासको कच्चा तेल आयात भएको छ ।
सोही अवधिमा २४ अर्ब ६१ करोड मूल्य पर्ने 'इलेक्ट्रिक मेसिनरी', उपकरण र तिनका पार्टपुर्जा आयात भएका छन् ।
त्यस्तै रू १९ अर्ब चार करोड मूल्य पर्ने कपडाहरु आयात भएका छन् । रासस

# सिरहामा नौ पूर्वमन्त्री चुनावी...

चुनावी मैदानमा छन् । उनीहरु दुई पुराना र अनुभवी नेता भएकाले पनि उनीहरुबीचको प्रतिस्पर्धाले यहाँको चुनावी माहोललाई थप तताएको छ । सिरहा क्षेत्र नं ४ मा भने पाँच जना पूर्वमन्त्री चुनावी प्रतिस्पर्धामा छन् । यहाँ जनता समाजवादी पार्टी (जसपा) नेपालबाट पूर्वसूचना तथा सञ्चारमन्त्री राजकिशोर यादव, नेकपाबाट पूर्वन्याय तथा कानुनमन्त्री अजयशङ्कर नायक, र नेकपा (एमाले)बाट पूर्वसामान्य प्रशासनमन्त्री धर्मनाथप्रसाद साह मुख्य प्रतिस्पर्धीका रूपमा छन् ।
यसका साथै, जनमत पार्टीकातर्फबाट पूर्ववन तथा वातावरणमन्त्री वीरेन्द्र महतो र बहुजन शक्ति पार्टीका अध्यक्ष एवं पूर्वविज्ञान तथा प्रविधिमन्त्री विश्वेन्द्र पासवान पनि यसै क्षेत्रबाट प्रतिस्पर्धामा छन् । पुरानै र पटकपटक मन्त्री भइसकेका नेताको बाहुल्यता रहेको यस क्षेत्रमा नेपाली कांग्रेसले भने नयाँ अनुहारका रूपमा चन्द्रकला देवी यादवलाई अगाडि सारेको छ । त्यस्तै, यसै क्षेत्रबाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले तपेश्वर यादवलाई आफ्नो उम्मेदवार बनाएको छ । रासस

# दल र उम्मेदवारका 'एजेन्डा'माथि...

सुशासनलगायत मुद्दामा केन्द्रित हुनुन्छ भने ग्रामीण क्षेत्रमा त्यहाँको पूर्वाधार र विकास निर्माणमा जोड छ । कानुन निर्माणको विषयमा कम चासो व्यक्त भएको छ", मतदातासँगको साक्षात्कारमा रहनुभएका नेता सापकोटाले भने ।
उनका अनुसार नवपुस्ताले विभिन्न समृद्ध मुलुकसँग तुलना गरेर उम्मेदवारसँग प्रश्न गर्ने गरेका छन् । नयाँ पुस्ताको तीव्र परिवर्तनको चाहनालाई सम्बोधन गर्नुपर्छ । सो क्षेत्रमा स्वतन्त्र र राजनीतिक दलका गरी १० जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । "अघिल्लो र अहिलेको निर्वाचन नितान्त नयाँ पृष्ठभूमिमा हुन लागेकाले यो निरन्रता मात्रै नभई विशेष प्रकृतिको निर्वाचन हो, अघिल्ला निर्वाचन निरन्ततामा नियमितता थियो। यो आकस्मिकता र विशेष परिस्थितिमा भएको हुन लागेको छ",उनले भने ।
मतदाता परिवर्तन र सक्षम उम्मेदवार छनोटको 'मुड'मा रहेको आफूले पाएको नेता सापकोटाले बताए। "वर्षौंदेखि कुनै पार्टीमा आबद्धता भएका मतदाता पनि उम्मेदवारलाई हेरेर मतदान गर्छौं भन्ने विचारमा हुनुहुन्छ",उनले भने ।
नेपाल कम्युनिष्ट पार्टी (एमाले)का नेता एवं मकवानपुर निर्वाचन क्षेत्र नम्ब २ का उम्मेदवार महेश बर्तौलाले मतदातासँगको अन्तरक्रियामा पाँच वर्षका लागि निर्वाचित गरेर पठाएकामा ३२ महिना पुग्दा नपुग्दै पुनः निर्वाचनमा फर्कने स्थिति कसका कारण बन्यो भनेर जिज्ञासा राख्ने गरेका बताए । उनका अनुसार विगतका तुलनामा पछिल्लो समय निर्वाचित जनप्रतिनिधिहरू बेलाबखत गाउँ फर्केर जनताका माझमा पुग्ने अवस्थालाई मतदाताले सकारात्मक रूपमा लिएका छन् ।
"सैद्धान्तिक हिसाबले जनप्रतिनिधि कानुन र विधि निर्माता हुन् । तर सांसदलाई नै विकास निर्माणको अगुवामा मानेर खेलमैदान, धारा, पानी, सिँचाइ, मन्दिर, गुम्बा, अस्पताल, बाटो, विद्यालयलगायतको माग सम्बोधन गर्नुपर्छ भन्ने कतिपय मतदाताको भावना रहेको छ", नेता बर्तौलाले भने। मतदातासँगको अन्तरक्रियामा नवपुस्तालाई राष्ट्रिय मामिला, स्वाधीनता, भौगोलिक अखण्डताका विषयमा अझ बढी साक्षात्कार गर्नुपर्ने महसुस भएको जनाउँदै उनले शासकीय प्रबन्ध, संवैधानिक व्यवस्था, दलीय व्यवस्थाका विशेषता, कार्यप्रकृति, लोकतान्त्रिक मूल्य मान्यता, संसद्, संसदीय मामिला र सांसदको भूमिकाका बारेमा बुझाउन ठूलो मेनहत गर्नुपर्ने बताए। नेता बर्तौलाले भने, "सहिष्णुता र हार्दिकताभन्दा कुनै दल विशेषको छाताभित्र रहेर नै पनि कतिपय दल र उम्मेदवारप्रति आलोचना, आवेग, उत्तेजना, भड्काउजस्ता दृष्टिकोण समाजमा प्रकट गर्न खोजिनु अव्यावहारिक छ। त्यसमा सुधारको खाँचो छ ।" संसद्ले बजेट बनाउने हुँदा मतदाताले उठाएका विकास निर्माणसम्बन्धी माग सम्बोधन गर्ने कुरालाई स्वाभाविक रूपमा लिनुपर्ने बताउँदै उहाँले संसद्मा रहँदा गुणस्तरीय कानुन निर्माणमा जनप्रतिनधिले कति ध्यान दियो भन्ने प्रश्न भने अत्यन्त कमजोर रहेको बताए ।
राष्ट्रिय स्वतन्त्र पार्टीका नेता एवं धनुषा निर्वाचन क्षेत्र नमब्र ३ उम्मेदवार मनिष झा निर्वाचनप्रतिको उत्साह र परिवर्तनको माहोल राम्रो देखिएको प्रतिक्रिया दिन्छन् । "अधिकारको लडाईं लडिरहेको मधेसले कार्यकारी भूमिकामा मधेस पुत्र पुग्दै गर्दा त्यो अवसरलाई गुमाउन हुँदैन भन्ने आमबुझाइ छ", उनले भने, "हामीले 'डेलिभरी' दिन तयार छौं, त्यही कुरा मात्रै उनीहरूको माग छ ।" मतदाताको ठूलो माग नभएकाले विमानस्थल होइन, सडकमा किन खाल्डो छ भन्ने कुरा सोधिरहेको उल्लेख गर्दै नेता झाले विकास निर्माणको लागतअनुसारको गुणस्तर कामय नहुनुले भ्रष्टाचार भइरहेको जनताको बुझाइ गलत नभएको बताए । भ्रष्टाचार न्यूनीकरण, सुशासनसँगै सार्वजनिक यातायात र सेवा प्रवाहमा सहजीकरण होस् भन्ने जनताको माग रहेको उल्लेख गर्दै उनले मुलुक सङ्घीयतामा गइसकेपछि केन्द्रीकृत रहेको सेवा प्रवाहलाई पनि विकेन्द्रीत गर्नुपर्छ भन्ने जनआवाज अझै आफूले पाइरहेको जानकारी दिए। सो निर्वाचन क्षेत्रमा पाँच पालिका र ३८ वटा वडा रहेको छ ।
नेपाली कांग्रेसका नेता एवं रौतहट निर्वाचन क्षेत्र नम्बर ४ का उम्मेदवार देवप्रसाद तिमिल्सिनाले आर्थिक अवस्था कमजोर रहेको देशमा खर्चिलो चुनाव पटकपटक हुँदा विकास निर्माणका लागि प्रयोग गर्नुपर्ने बजेट प्रभावित हुने विषयमा मतदाताबाट चासो र चिन्ता प्रकट भएको बताए ।
उनले भने, "त्यो रकम विकास निर्माण, शिक्षा, स्वास्थ्य, खानेपानीमा लगानी गर्न पाए हुन्थ्यो भन्ने जनभावना छ, पाँच वर्षका लागि चुनेर पठाएका थियौं, बीचैमा फर्केर फेरि मत माग्न आउनुभयो । देश र जनताको पक्षमा समयमै जेजस्तो काम गर्नुपर्थ्यो, त्यो समयमै नहुँदा यो अवस्था आएको हो कि भन्ने मतदाताको जिज्ञासा छ ।" निर्वाचनमा सफलता प्राप्त भएमा जनताको भावनालाई आगामी दिनमा पनि सदनमा उठाउन आफू लागिपर्ने प्रतिबद्धता व्यक्त गर्दै नेता तिमिल्सिनाले पछिल्लो समय उम्मेदवारभन्दा पनि मतदाता हरेक हिसाबले सजग र सचेत बन्दै गएको आफूले पाएको बताए । "शिक्षा, स्वास्थ्य, खानेपानी, आवास जिल्लाको मुख्य प्राथमिकता हुन् । निर्वाचनमा जनतामा निर्णायक भएकाले उहाँहरू रोजाइका आधारमा निर्वाचित हुने हो । नयाँ नेतृत्वसहित नयाँ एजेन्डा लिएर कांग्रेस अघि बढेको छ । यसपटक जनताको अपेक्षा पूरा गर्न सक्छौं भन्ने विश्वास छ", उनले भने ।
राष्ट्रिय प्रजातन्त्र पार्टीका नेत्री एवं सल्यान निर्वाचन क्षेत्र नम्बर १ का उम्मेदवार अनिशा नेपालीले गाउँमा गएर मतदातासँग भेटघाटको क्रम चलिरहेको बताइन् ।"आफूहरूले उठाएका विकास पूर्वाधारका काम पूरा नभएको भन्ने जनगुनासो छ । भौतिक पूर्वाधार, जनजीविकाका सवाल सम्बोधन भएनन् भन्ने भागलाई आफू विजयी भएको खण्डमा पूरा गर्नेछु", उनले भनिन् । रासस

सूचना, समाचार र मनोरञ्जनका लागि

**सामुदायिक रेडियो दर्पण**

**८८.४ मेगाहर्ज**

बिहान ५ बजेदेखि राति ११ बजेसम्म

सम्पर्क नं : ९८१२०४८५६६, ९८६८८२१२९८

# सिरहामा नौ पूर्वमन्त्री चुनावी मैदानमा



**सिरहा, माघ १२ गते ।**
सिराहामा आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनको रौनक बढेको छ । जिल्लाका चारवटै निर्वाचन क्षेत्रमा राष्ट्रिय राजनीतिको केन्द्रमा रहेका र मन्त्री भइसकेका नौ जना उम्मेदवार प्रतिस्पर्धामा उत्रिएका छन् ।
विशेषगरी सिरहा क्षेत्र नं ४ मा पूर्वमन्त्रीहरूको बाक्लो उपस्थितिले यस क्षेत्रलाई सबैको चासोको केन्द्र बनाएको छ । सिरहा निर्वाचन क्षेत्र नं १ मा नेपाली कम्युनिष्ट पार्टीकातर्फबाट पूर्वसामान्य प्रशासनमन्त्री रामचन्द्र यादव र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का तर्फबाट निवर्तमान युवा तथा खेलकुदमन्त्री रहेका बब्लु गुप्ताबीच कडा प्रतिस्पर्धा हुने देखिएको छ ।
त्यसैगरी क्षेत्र नं ३ मा नेपाल कम्युनिष्ट पार्टी (एमाले)बाट पूर्वकानुनमन्त्री लीलानाथ श्रेष्ठ र नेकपाबाट पूर्वशान्ति तथा पुनःनिर्माणमन्त्री विश्वनाथ साह

*- बाँकी पृष्ठ ३ मा*

**प्रतिनिधिसभा निर्वाचन**

# दल र उम्मेदवारका ‘एजेन्डा’माथि मतदाताको चासो

**काठमाडौँ, माघ १२ गते ।**
आगामी प्रतिनिधिसभा सदस्य निर्वाचन आउन ३८ दिन बाँकी रहँदा अधिकांश उम्मेदवार मतदातालाई विश्वास लिई चुनावी परिणाम आफ्नो पक्षमा पार्न निर्वाचन क्षेत्र पुगिसेका छन् ।
मुलुकमा विशेष परिस्थितिका कारण यसपटक हुन लागेको आमनिर्वाचनमा राजनीतिक दल र उम्मेदवारहरू के-कस्ता ‘एजेन्डा’ लिएर आउँछन् र कसरी प्रस्तुत हुन्छन् भन्ने विषयमा आममतदाता विभिन्न अड्कलबाजी गरिरहेका छन् ।
अघिल्ला निर्वाचनको तुलनामा यसपटक पुराना दल र नयाँ दल, पुराना उम्मेदवार र नयाँ उम्मेदवारका विषयमा सहर र गाउँमा मात्रै होइन, चोक र चिया पसलमा समेत आ-आफ्नो कोणबाट चर्चापरिचर्चा गरिरहेको पाइन्छ ।
कसिलो बन्दै गएको निर्वाचन आचारसंहिता र प्रविधिको बढ्दो प्रयोगका कारण अहिले चुनाव



प्रचारमा ‘डिजिटल शैली’ अपनाउन थालिएको छ ।
जसले गर्दा विगतमा आमसभामार्फत आफ्ना एजेन्डा प्रस्तुत गर्ने र उठेका विषयवस्तुबारे स्पष्ट पार्ने कार्य अहिले सामाजिक सञ्जाल दह्रिलो माध्यम बनेको छ । उम्मेदवारहरूले भौतिक रूपमा सम्भव नभएको अवस्थामा सामाजिक सञ्जाललाई नै चुनाव प्रचारको माध्यम बनाएका छन् ।
औपचारिक रूपमा आगामी फागुन ३ देखि १८ गतेसम्म मात्रै निर्वाचन प्रचारप्रसार गर्न पाइन्छ । उम्मेदवारी दर्ता भएका दिनदेखि नै उम्मेदवारहरू आ-आफ्नो ढङ्गले मतदातासँगको साक्षात्कारमा पुगेका छन् ।
नेपाली कम्युनिष्ट पार्टीका नेता एवं सिन्धुपाल्चोक निर्वाचन क्षेत्र नम्बर २ का उम्मेदवार माधव सापकोटा उम्मेदवारलाई मतदातालाई कसरी खुसी पार्ने भन्ने दबाबकाबिच विधायिकाको भूमिका पनि बुझाउने प्रयासमा रहेको बताउँछन् ।
“सहरी क्षेत्रका मतदाता परिवर्तन,

*- बाँकी पृष्ठ ३ मा*

# “एचपीभी” खोप अभियान दुई चरणमा सञ्चालन हुँदै

**सिरहा, माघ १२ गते ।**
पाठेघरको मुखको क्यान्सरबाट जोगाउने उद्देश्यले सिरहामा किशोरीलाई लक्षित गर्दै ह्युमन प्यापिलोमा भाइरस (एचपीभी) विरुद्धको खोप अभियान दुई चरणमा सञ्चालन गरिने भएको छ ।
स्वास्थ्य कार्यालय सिरहाकी खोप निरीक्षक सुनिता कँडेलका अनुसार पहिलो चरणमा यही माघ २५ देखि आगामी फागुन २ गतेसम्म आठ स्थानीय तहमा खोप अभियान सञ्चालन हुनेछ भने दोस्रो चरणमा आगामी फागुन ४ देखि १० गतेसम्म बाँकी नौवटा पालिकामा अभियान सञ्चालन गरिनेछ ।
“गत वर्ष जिल्लाभर करिब नौ प्रतिशत छात्रा एचपिभी खोपबाट छुटेका थिए । यस पटक ती सबैलाई समेट्ने गरी अभियान सञ्चालन गर्न लागिएको हो,” खोप निरीक्षक कँडेलले भनिन् । उनका अनुसार विद्यालय छाडेका ११ देखि १४ वर्ष उमेर समूहका बालिका पनि यस अभियानमा समावेश गरिनेछन् ।
अभियानअन्तर्गत कक्षा ६ मा अध्ययनरत छात्रा, विद्यालय बाहिर रहेका १० वर्ष पूरा भई ११ वर्ष ननाघेका बालिका तथा गत वर्षको खोप अभियानमा छुटेका कक्षा ७ देखि १० सम्मका छात्रालाई लक्षित गरिएको छ ।
लहान नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख विन्देश्वर चौधरीका अनुसार लहान नगरपालिकामा गत वर्षको खोप अभियानमा दुई प्रतिशत छात्रा खोपबाट वञ्चित भएका थिए । रासस

**कर्मचारी आवश्यकता**

मधेश प्रदेशको न्यमि क्तबच कम्पनीको जुत्ता चप्पलको अधिकृत विक्रेता S.B.Sales and Suppliers बर्दिवासका लागि केही कर्मचारी आवश्यकता भएको हुनाले इच्छुक व्यक्ति तुरुन्त सम्पर्क राख्नुहोला ।

| | |
|---|---|
| पद : सेल्स मार्केटिङ्ग<br>संख्या : १ जना (पुरुष)<br>योग्यता : +२ उत्तिर्ण | पद : स्टोर किपर<br>संख्या : १ जना (पुरुष)<br>योग्यता : +२ उत्तिर्ण |

**तलब :** आपसी सम्झदारीमा तय गरिनेछ ।
**नोट :** मोटरसाईकल लाईसेन्स भएको, सम्बन्धीत काममा अनुभवी र स्थानीयलाई विशेष प्राथमिकता दिइनेछ ।

सम्पर्क :
**S.B.Sales & Suppliers**
बर्दिवास-१, महोत्तरी
मो.नं.- ९८२३४९१९२१, ९८४४३६१५८८

# आचारसंहिता उल्लंघन गरेको उजुरीका आधारमा धमाधम स्पष्टीकरण माग

**काठमाडौँ, माघ १२ गते ।**
निर्वाचन आयोगले निर्वाचन आचारसंहिता, २०८२ उल्लङ्घन गर्ने राजनीतिक दल, उम्मेदवार, सरकारका पदाधिकारी र गैह्रसरकारी संस्थालाई स्पष्टीकरण मागेको छ ।
यही माघ ४ गते राति १२ बजे निर्वाचन आचारसंहिता लागू भएदेखि माघ ११ गतेसम्म आठवटा स्पष्टीकरण सोधिएको आयोगका सहायक प्रवक्ता सीता पुन श्रीसले जानकारी दिइन् ।
आयोगले काठमाडौँ जिल्ला निर्वाचन क्षेत्र नं ४ बाट राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का उम्मेदवार रहेका वरिष्ठ अधिवक्ता डा सुरेन्द्र भण्डारी र कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीलाई माघ ७ गते स्पष्टीकरण सोधेको थियो । दुवै जनालाई तीन दिनभित्र स्पष्ट जवाफ पेस गर्न पत्राचार गरे पनि हालसम्म जवाफ प्राप्त नभएको उनले बताइन् ।
काठमाडौँ जिल्ला क्षेत्र नं ४ का




उम्मेदवार भण्डारीलाई निर्वाचन आचारसंहिता, २०८२ को दफा ४ को खण्ड (च) अनुसार स्पष्टीकरण मागिएको हो । सो दफाअनुसार ज्येष्ठ नागरिक, महिला, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदाय र अपाङ्गता भएका व्यक्तिको भावनामा आँच आउने वा चरित्र हत्या हुनेगरी निर्वाचन प्रचारप्रसार गर्न वा गराउन नहुने व्यवस्था छ ।
यसैगरी, कोशी प्रदेशका मुख्यमन्त्री कार्कीलाई निर्वाचन आचारसंहिता, २०८२ को दफा ५ को खण्ड (क) अनुसार स्पष्टीकरण सोधिएको हो । सो दफामा नेपाल सरकार, प्रदेश सरकार, मन्त्री र स्थानीय कार्यपालिका तथा सोका पदाधिकारीले पालना गर्नुपर्ने आचरणको विषय उल्लेख छ ।
सो दफाको खण्ड (क) मा कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न नहुने भन्ने व्यवस्था छ । यही व्यवस्था पालना नभएको भनी आयोगमा उजुरी परेको हो ।
दोलखा जिल्ला निर्वाचन क्षेत्र नं १ मा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार जगदीश खरेललाई निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ को उपदफा (१) को खण्ड (ढ) र (ण) बमोजिम माघ

*- बाँकी पृष्ठ ३ मा*

**अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल**

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादकः सन्तकुमार क्षेत्री